बैठक संख्या : ५

मिती : २०७९।०३।२७ गते

स्थान : राप्ती नगरपालिका

समय : विहान ८:०० बजे

यस राप्ती नगरपालिकाको प्रमुख श्री शमशेर लामा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

१. नगर प्रमुख श्री शमशेर लामा
२. नगर उपप्रमुख श्री देवेन्द्र लामा
३. वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान
४. वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती
५. वडाध्यक्ष वडा नं ३ श्री शिवकान्त ओली
६. वडाध्यक्ष वडा नं ४ श्री केदार प्रसाद आचार्य
७. वडाध्यक्ष वडा नं ५ श्री सिताराम बल
८. वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु
९. वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी
१०. वडाध्यक्ष वडा नं ८ श्री पूर्ण प्रसाद आचार्य
११. वडाध्यक्ष वडा नं ९ श्री खड्क बहादुर तमाङ
१२. वडाध्यक्ष वडा नं १० श्री तेज बहादुर तमाङ
१३. वडाध्यक्ष वडा नं. ११ श्री बुद्धि बहादुर तमाङ
१४. वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा
१५. वडाध्यक्ष वडा नं. १३ श्री अशोक कुमार प्रजा
१६. सदस्य श्री गोमा देवी धरेल
१७. सदस्य श्री मित्र कुमारी तितुङ
१८. सदस्य श्री कविता राई
१९. सदस्य श्री रमिता परियार
२०. सदस्य श्री मिना कुमारी अधिकारी
२१. सदस्य श्री आइती देवी दराई
२२. सदस्य श्री रेल बहादुर प्रजा
२३. सदस्य श्री भक्त बहादुर सुनार
२४. प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव
२५. प्रशासकीय अधिकृत श्री शारदा देवी शर्मा

क.अ. श्री रमेश चौधरी

अमिन श्री मित्रा गिरी

बैठक संख्या-५ मिति : २०७९।०३।२७

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्बन्धमा ।
२. भू-उपयोग नियमावली कार्यान्वयन सम्बन्धमा ।
३. विपत् सम्बन्धमा ।
४. योजना सम्बन्धमा ।
५. आर्थिक सहायता सम्बन्धमा ।
६. सुकुम्बासीहरुको घर निर्माणका लागि जग्गा खोज्ने सम्बन्धमा ।
७. सार्वजनिक शौचालय निर्माण गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १.

मिति २०७९।०३।०९ गते सम्पन्न भएको कार्यपालिका वैठकमा भएका निर्णयहरु कतिपय कार्यान्वयन भइसकेको र कतिपय कार्यान्वयनको चरणमा रहेको व्यहोरा सम्पुर्ण कार्यपालिका सदस्यहरुलाई जानकारी गराइयो ।

निर्णय नं.२

भु उपयोग नियमावलीका सम्वन्धमा हाल स्थानीय भु उपयोग परिषद्को रुपमा नगर कार्यपालिका रहने र निर्णय कार्यान्वयन तथा परिषद्लाई सहजिकरण गर्नका लागि स्थानीय भु उपयोग कार्यान्वय समिति रहने र सो समिति समेत गठन भइसकेकोले नियमावलीको अनुसूची -१ बमोजिम वडा समितिको निर्णानुसार वडाले कृषि र गैरकृषि क्षेत्र निर्धारण गरी परिषद्लाई सिफारिस गर्ने र सिफारिस उपर छलफल गरी परिषद् ले निर्णय गरे बमोजिम स्थानीय कार्यान्वय समितिले सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा रासी नगरपालिकाको नगरसभाबाट स्वीकृत रासी नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन,२०७८ को दफा ६ अन्तर्गत रहेर वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरी नगरमा जानकारी गराउने साथै विपद् व्यवस्थापन न्यूनिकरण र पुर्व तयारीका लागि श्रावण महिनामा विपद् व्यवस्थान,न्युनिकरण तथा पुर्वतयारी सम्बन्धी प्रत्येक वडाबाट ३ जना सहभागि हुने गरी नगरस्तरिय तालिम सञ्चालन गर्ने निर्णय गरियो

निर्णय नं. ४

आर्थिक वर्ष ०७८/०७९ को विनियोजित बजेटमा नपरेका नगरलाई अति आवश्यक परेका निम्न बमोजिमका योजनाहरुको योजना सम्झौता गरी कार्यसम्पन्न समेत भएकोमा भुक्तानिको अन्तिमसम्म मौज्दात रहेका तपसिलबमोजिमका शिर्षकहरुबाट रकमान्तर गरी भुक्तानि दिइएकोले सोको अनुमोदन गर्ने निर्णय गरियो ।

| २०७९।०३।२७ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार संशोधित योजना | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम रु | संशोधित योजनाको नाम | रकम रु |
| १ | सफल मार्ग बाटो ग्रावेल | | ७५,००० | कृष्ण प्रसाद ढकालको घरदेखि रुद्र बहादुर घर हुदै बाटो ग्रावेल | ७५,००० |
| २ | कोरोना विषद् व्यवस्थापन | वडा नं.५ | २५,००० | लालिगुरास युवा क्लबलाई फुटबल सामग्री वितरण | १५,००० |
| | | | | शिखरबस्ती बाल क्लब फुटबल प्रतियोगिता | १०,००० |
| ३ | दलित समाज उत्थान मध्यबाट | | ३,००,००० | बङ्गुरका पाठापाठी वितरण | ५२००० |
| | | | | आरनको सामान | ९२४२१ |
| ४ | पानी तथा विजुली शिर्षक मध्यबाट | वडा नं.३ | १२००० | अतिथि सत्कार खाजा खर्च | ६००० |
| | | | | स्वास्थ्य संस्था व्यवस्थापन | ६००० |
| ५ | पदाधिकारी बैठक भत्ता | | ११९०० | मसलन्द तथा कार्यालय सामग्री | १७३०१ |
| | पत्र पत्रिका छपाइ तथा सूचना प्रकाशन | | ५४०१ | | |
| ६ | संचार महशुलबाट | वडा नं.२ | ६६१४ | अतिथि सत्कार खाजा खर्च | ६६१४ |

साथै शान्तिगृह नेपालले संचालन गरेको दोबाटे खानेपानी वडा नं. १० मा योजनाको स्वीकृत ल.ई को कुल रकमको १०% (३०:७०) को अनुपातमा वडा र नगरले व्यहोर्ने गरी सम्झौता भएकोमा उक्त संस्थाले गरेको लागत स्टेमेटमा राखिएका दरहरु नगर दररेटसँग मिल्दो नभएको हुँदा संस्थाले स्टिमेटमा राखेको दररेट नगर दररेट भन्दा कम भएमा सोही दररेटलाई मान्ने र बढी भएमा नगर दररेट अनुसार मूल्याङ्कन गरी लागत साझेदारीबाट, पर्न आउने रकम रु ५,६०,००० नगर र वडाबाट तोकिएको अनुपातमा भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

रासी नगरपालिका वडा नं.४ मा बस्ने श्री कैलाश प्रजाको मिति २०७९-०३-०८ गते मृत्यु भएको र निजको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले मृत्यु संस्कार गर्न समेत समस्या भएको हुदाँ मृत्यु संस्कारका लागि रु १५००० आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

रासी नगरपालिका वडा नं. ६ बस्ने प्रविण चौधरी र सालिमा महतोको छोरी बर्ष २ को प्रश्ना चौधरी मुटु सम्वन्धी विरामी भई शहिद गंगालाल हृदय केन्द्र काठमाडौमा उपचारका लागि लैजानुपर्ने भएको र निजको पारिवारीक आर्थिक अवस्था अत्यन्त कमजोर भएको हुदाँ उपचारमा सहयोग स्वरुप रु २५००० आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा रासी नगरपालिका भित्र बसोबास गर्ने अति विपन्न सुकुम्बासीहरुको आवासको सुनिश्चितता गर्न आफ्नो भोगचलनमा जग्गा नहुने सुकुम्बासीहरुको लागि सम्बन्धित वडाले बैकल्पिक जग्गा खोजि गरी नगरपालिकालाई सिफारिस गर्ने निर्णय गरियो

निर्णय नं. ७

निर्णय नं. ७ माथि छलफल गर्दा रासी नगरपालिकाका मुख्य मुख्य घनाबस्ति भएका बजारहरुलाई व्यवस्थित, सफा सुन्दर, दुर्घटना रहित र सुविधायुक्त बनाउने उद्देश्यले महेन्द्र राजमार्ग सँग जोडिएका मुख्य स्थानहरु खुरखुरे, भण्डारा र गडयौलीमा सार्वजनिक शौचालय निर्माण गर्ने साथै बिरेन्द्रनगर, भण्डारा र गड्यौलीमा प्रहरी विट स्थापना गर्ने निर्णय गरियो ।